# नेपाल सरकार
## स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
### स्वास्थ्य समन्वय महाशाखा

(४-{ २२३५८०, २६२६९६, २६९७३६, २६२८०२, २६२९८७, २६२४६८, २६२५४३)

रामशाहपथ
काठमाडौं,नेपाल

पत्र संख्याः- (१) २०७७।७८
च.न १४५

दर्ता ७८५
८।१४

दर्ता नं.- ३८५९
मिति- २०७७।८।१४

२०७७/०८/१२

श्री संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिहंदरबार, काठमाण्डौ ।

**बिषयः समन्वय सम्बन्धमा ।**

प्रस्तुत बिषयमा स्वास्थ्य सेवा बिभाग, राष्ट्रिय एड्स तथा यौन रोग नियन्त्रण केन्द्रको मिति २०७७/०८/१० को च. न. ३२६ को पत्रानुसार *"एच.आई.भी. नियन्त्रण तथा रोकथामको लागि विश्वव्यापी ऐक्यबद्धता तथा साझा जिम्मेवारी"* भन्ने नाराका साथ मिति २०७७/०८/१६ मा ३३ औं विश्व एड्स दिवस मनाउने भएकाले तहाँ अन्तर्गतका स्थानीय तहहरुमा आवश्यक समन्वय गरिदिनहुन निर्देशानुसार सादर अनुरोध छ । साथै यसै पत्र साथ संलग्न उक्त केन्द्रको पत्रको छायाँ-प्रतिबाट अन्य व्यहोरा अवगत हुन समेत अनुरोध छ ।

..............................
(प्रेम कुमार रसाईली)
शाखा अधिकृत

☎ ४२६१६५३
☎ ४२६२७५३
☎ ४२५८२१९
☎ फ्याक्स: ९७७-०१-४२
✉ इमेल : ncasc@ncasc
वेबसाईट: www.ncasc.g

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
राष्ट्रिय एड्स तथा यौनरोग नियन्त्रण केन्द्र

मिति:- २०७७।०८।१०

स. ४६२/५११

पत्र संख्या:- ०७७/७८
च.न.:- ३२६

विषयः पत्राचार गरिदिने सम्बन्धमा ।

श्री स्वास्थ्य तथा जनसख्या मन्त्रालय
रामशाहपथ,

उपर्युक्त विषयमा यहि मिति २०७७।०८।१६ (December 1st, 2020) मा पर्ने ३३ औ विश्व एड्स दिवस – २०२० "एच.आई.भी. नियन्त्रण तथा रोकथामको लागि विश्वव्यापी ऐक्यबद्धता तथा साझा जिम्मेवारी" ("Global Solidarity, Shared Responsibility") भन्ने मुल नाराका साथ मनाउन गईरहेकोमा उक्त दिवस संघ, प्रदेश, र स्थानीय तहमा पनि भव्य रुपमा मनाउनका लागि सातै प्रदेशहरु र सबै स्थानीय तहहरुमा तपशिल बमोजिमका कार्यक्रमहरु मध्ये आवश्यकता अनुसार कार्यक्रमहरु गर्ने गरि पत्राचार गरिदिनु हुन अनुरोध गरिन्छ ।

तपशिल

१. सरोकारवला निकायहरु संग अन्तरक्रियामुलक कार्यक्रम संचालन गर्ने।
२. एच.आई.भी. परिक्षण सिविरहरु संचालन गर्ने।
३. एच.आई.भी. एड्स सम्बन्धी सचेतनामुलक कार्यक्रमहरु संचालन गर्ने।
४. आवश्यकता अनुसार अन्य कार्यक्रम संचालन गर्ने।

डा. सुधा देवकोटा
निर्देशक